(सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम)

२०८३ साल बैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वत: प्रकाशित विवरण)

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नापी विभाग

नापी कार्यालय चन्द्रौटा, कपिलवस्तु

फोन नम्वर ०७६५४००१९ ईमेल chandrautaa@dos.gov.np

२०८३ साउन ०१

१.नापी कार्यालय चन्द्रौटा,कपिलवस्तुको स्वरुप र प्रकृति

नापनक्सा सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि केन्द्रिय विभागको रुपमा वि.सं.२०१४ सालमा नापी विभागको स्थापना भएको थियो । जग्गा नापजाँच ऐन ,२०१९ सँग सँगै भुमि ऐन २०२१ लागु भए पश्च्यात नेपालको सम्पूर्ण जिल्लाहरुको नापनक्सा कार्य प्रारम्भ भएको थियो । सोहि क्रममा वि.सं.२०३६ सालमा नापी शाखाको रुपमा नापी कार्यालय कपिलवस्तु तौलिहवा बाट यस क्षेत्रको कारोबार हुदै आएको थियो । सेवाग्राही को अत्याधिक चापका कारण नेपाल सरकार मन्त्रि परिषदको निर्णय बमोजिम बि.स २०७१/१२/२८ मा यस कार्यालयको स्थापना भएको थियो र जग्गा प्रशासनको नक्सा अध्याधिक सम्बन्धि कामकाज गर्दै आएको छ । वि.सं.२०५५ सालमा नेपालमा एकोहोरो नापी सम्पन्न भएको थियो । वि.सं.२०६५ सालमा नापी गोश्वारा खारेज भए पश्च्यात नापनक्सा कार्यको जिम्मेवारी समेत नापी कार्यालयलाई तोकिएकोमा हाल कपिलवस्तु जिल्लामा गाउँ ब्लक सम्बन्धि जग्गाको नाप्नाक्साको कार्य नापी कार्यालय कपिलवस्तु तौलिहवाबाट हुदै आइरहेको छ । कपिलवस्तु जिल्लामा रहेका दश स्थानीय तह मध्य तिन स्थानीय तह (शिवराज नगरपालिका, कृष्णनगर नगरपालिका र बिजयनगर गाउँपालिका) को नक्सा अध्यावधिक तथा जग्गा प्रशासन सम्बन्धि कार्य यस कार्यालयले गर्दै आइरहेको छ ।

२. नापी कार्यालय चन्द्रौटा ,कपिलवस्तु को काम,कर्तब्य र अधिकार

जग्गा नापजाँच ऐन ,२०१९ जग्गा नापजाँच नियमवाली ,२०५८ तथा नक्सा श्रेस्ता अध्याधिक सम्बन्धी निर्देशिका समेतबाट तोकिएका काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ ।

- कित्ताकाट गर्ने ।
- नक्सा प्रिन्ट उपलब्ध गराउने ।
- फिल्डबुक उतार /प्लट रजिष्टर उतार उपलब्ध गराउने ।
- नक्सा सुधार /संसोधन गर्ने ।
- फिल्ड रेखांकन गर्ने ।
- कित्ता एकिकरण गर्ने ।
- क्षेत्रफल टायल चेक गर्ने ।
- ३. नापी कार्यालय चन्द्रौटा ,कपिलवस्तुमा रहेका कर्मचारीको संख्या र कार्य विवरण
- यस कार्यालयमा रहेको कर्मचारीको दरबन्दी संरचना देहाय बमोजिम रहेको छ ।

क्र.सं.	पद	श्रेणी	स्वीकृत दरबन्दी संख्या
१	नापी अधिकृत	रा.प.तृ. (प्रा.)	१
२	सर्भेक्षक	रा.प.अन.प्रथम (प्रा.)	४
३	स.लेखापाल	रा.प.अन.द्दतिया (प्र.)	१
४	खरिदार	रा.प.अन.दृतिया (प्र.)	१
५	अमिन	रा.प.अन.दृतिया (प्रा.)	३
६	क.अ.	रा.प.अन.प्रथम(प्रा.)	१ (करार)
७	कार्यालय सहयोगी	श्रेणीविहीन	३ (करार)
जम्मा			१४

४.नापी कार्यालय चन्द्रौटा कपिलवस्तुबाट प्रदान गरिने सेवाको विवरण

जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अध्याधिक सम्बन्धी निर्देशिका समेतबाट तोकिएको नागरिक वडापत्र अनुसार यस कार्यालयबाट प्रदान गरिने सेवाको विवरण तपशिल बमोजिम रहेको छ।

क्र.सं.	सेवा सुबिधाहरुको विवरण	आवश्यक पर्ने कागजात/प्रमाणहरु	लाग्ने समय	लाग्ने शुल्क	जिम्मेवार कर्मचारी	जिम्मेवार कर्मचारीबाट सम्पादन हुन् नसकेमा उजुरी /सिकायत गर्ने ठाउं	कैफियत
१	जग्गा खरिद बिक्रि ,वकस-पत्र ,अंशबन्डा ,अदालतको फैसला आदि कारणले गर्दा जग्गाको स्वामित्व परिवर्तन हुने गरी कित्ताकाट गर्ने ।	मालपोत कार्यालयको पत्र तथा कारोबारको स्स्ट विवरणहरुउल्लेख भएको लिखत र स्वामित्व खुल्ने कागज प्रमाणहरु	क) सामान्य लिखित -२ बजे भन्दा पहिले कार्यालयमा प्राप्त भएमा सोही दिन । -२ बजे पछि प्राप्त भएमा अर्को दिन ख) अंशबन्डा वा धेरै कित्ताहरू काट गर्नुपर्ने लिखित -कार्यालय प्रमुखले तोके बमोजिम बढीमा एक हप्ता भित्र	शुल्क नलाग्ने	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	
२	फिल्ड रेखांकन	-जग्गाधनीको निवेदन । -जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि । -नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -चालु आ.बा.को मालपोत तिरेको रसिद । -रेखांकन दस्तुर वापतको राजश्व बुझएको रसिद	-फिल्ड सिजन (कार्तिक-जेष्ठ)मा सामान्यतया १५ दिन भित्र -कामको अत्यधिक चाप भएमा कार्यालय प्रमुखले तोकेको समयमा	जग्गा नापजाँच नियमावलीको नियम -३३ बमोजिम सदरमुकामबाट सम्बन्धित स्थान सम्मको दुरीको आधारमा तोकिये बमोजिम	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	
३	फिल्डबुक उतार / प्लट रजिष्टर उतार	-जग्गाधनीको निवेदन । -एक कित्ताको रु.५०।- र पर कित्ताको रु.१०।- -नागरिकताको प्रमाण पत्रको प्रतिलिपि --जग्गाधनी दर्ता प्रमाण पुर्जा नभएको अवस्थामा क) नगरपालिकाको जग्गा भएमा —नगरपालिकाबाट/वडाबाट कित्ता नं.उल्लेख भएको सिफारिस ख)गा.पा.को हकमा --गा.पा.वा बडाबाट कित्ता नं.उल्लेख भएको सिफारिस	सोही दिन	मुलुकी ऐन कागज जाँचको १७ नं.महल बमोजिम	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	

५	नक्सा प्रिन्ट	-जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि	मौसम अनुकुल भएमा १ बजे भन्दा पहिले निबेदनप्राप्त भए सोहि दिन -१ बजे पछि प्राप्त निबेदन अर्को दिन -डिजिटल डाटा भएमा तुरुन्त	-पुरा नक्सा रु.११०/- -फाइल नक्सा रु.६०/- डिजिटल प्रिन्ट रु.११०/-	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	
६	नक्सा ट्रेस	- संबन्धित कार्यालयको अधिकारिक पत्र -संबन्धित कित्ताको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि -सरोकारवालाको नगरिकताको प्रतिलिपि -चालु आ.बा.को मालपोत तिरेको रसिद ।	-१ बजे भन्दा पहिले निबेदनप्राप्त भए सोहि दिन -१ बजे पछि प्राप्त निबेदन अर्को दिन -डिजिटल डाटा भएमा तुरुन्त	प्रति कित्ता रु.१००/-	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	
७	क्षेत्रफल टायल चेक गर्ने	रु.१०/-को टिकट टांसको निवेदन । -सम्बन्धित कित्ताको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि -नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -चालु आ.बा.को मालपोत तिरेको रसिद ।	कार्यालय प्रमुखले तोके बमोजिम	शुल्क नलाग्ने	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	
८	हाल साबिक	मालपोतबाट प्राप्त फाइल -सम्बन्धित कित्ताको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि -नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -चालु आ.बा.को मालपोत तिरेको रसिद ।	कामको चाप र अवस्था हेरी कार्यालय प्रमुखले तोके बमोजिम बढीमा ७ दिन भित्र	शुल्क नलाग्ने	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	
९	नक्सा सुधार /संसोधन गर्ने	मालपोत कार्यालयको पत्र,मालपोत कार्यालयबाट नक्सा सुधार/संशोधन गरिएको कारवाहीको सम्पूर्ण विवरणहरु भएको फायल र आवश्यक कागजपत्र हरु (मालपोत कार्यालयमा पेश भएका र सो कार्यालयले तोके बमोजिम)	क) फिल्ड निरिक्षण गर्नु नपर्ने भएमा बढीमा २ दिन भित्र । ख) फिल्ड निरिक्षण गर्नु पर्ने भएमा फिल्ड सिजनमा,कार्यालय प्रमुखले तोके बमोजिम (बढीमा ७ दिन भित्र)	शुल्क नलाग्ने	कार्यालय प्रमुखले तोकेको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	कार्यालय प्रमुख	

५.नापी कार्यालय चन्द्रौटा कपिलवस्तुमा रहेका शाखा र जिम्मेवारी अधिकारी

अध्यावधिक शाखा



अध्यावधिक शाखा

यस शाखाबाट दैनिक रुपमा नागरिक वडापत्र अनुसार तोकिएको कार्यहरुमा तपशिल बमोजिमको फाँट विभाजन गरी सेवा प्रवाह गरिरहेको छ ।

<u>तपशिल</u>

क्र.सं.	फाँटवलको नामथर	पद	तोकिएको कार्यक्षेत्र (गा.वि.स./न.पा.)	चेक जाँच गर्ने	प्रमाणित गर्ने
१	नवराज सिह थारु	सर्भेक्षक	गुगौली, रामनगर	सर्भेक्षक नवराज सिह थारु	नापी अधिकृत गोविन्द राज जोशी
२	सन्दिप सापकोटा	सर्भेक्षक	छो.भगवानपुर, भिल्मी		
३	सुवास यादव	सर्भेक्षक	खुरुहुरिया, अजिगरा, गणेशपुर, महदैया	" "	" "
४	विश्व बन्धु ओली	सर्भेक्षक	विरपुर, कृष्णनगर, ब.भगवानपुर, ब.थुन्हिया	" "	" "
५	नवराज वली	अमिन	चनई, शिवानगर, लालपुर		
६	मनोज कुमार तामाङ	अमिन	विशुनपुर, सिर्सिहवा, झण्डेनगर, जुमिला	" "	" "
७	नविन के.सी	अमिन	जवाभारी, जमुनी, पुरुषोत्तमपुर, बहादुरगंज	" "	" "

सन्दिप सापकोटा
सर्भेक्षक

६. सेवा प्रवाहमा लाग्ने दस्तुर

यस कार्यालयबाट प्रदान गरिने सेवाको विवरण ,सेवाको लागि लाग्ने दस्तुर र समयावधि माथि ४ नं. प्रकरणमा उल्लेखित नागरिक वडापत्रमा उल्लेख भए बमोजिम हुने र सो मा उल्लेख भएको जग्गाको फिल्ड रेखांकनको निमित्त लाग्ने दस्तुर तपशिल बमोजिम रहेको छ ।

तपशिल

सि.न.	गा.बि.स./न.पा	राजश्व दस्तुर प्रति कित्ता	सि.न.	गा.बि.स./न.पा	राजश्व दस्तुर गाउँपालिका क्षेत्रमा ३००० वर्ग मिटरसम्म र अन्य क्षेत्रमा २००० वर्ग मिटरसम्मलाई एक कित्ता बराबर राजश्व लाग्ने छ ।
१	अजिगरा	२६५०/-	१०	लालपुर	२६००/-
२	खुरुहुरिया	२६१०/-	११	शिवानगर	२६५०/-
३	गणेशपुर	२६३०/-	१२	शिवगढी	२६१०/-
४	गुगौली	२६१०/-	१३	कृष्णनगर न.पा	२६९०/-
५	जवाभारी	२५७०/-	१४	शिवराज न.पा	२५३०/-
६	ब.थुन्हिया	२५९०/-	१५	पत्थरदैया, महदैया, बिसुनपुर	२६१०/-
७	पुर्षोत्तमपुर	२६००/-	१६	रामनगर	३३६५/-
८	बहादुरगंज, जुमिला	२६३०/-	१७	ब.भगवानपुर	३३६५/-
९	भिल्मी	२६५०/-			

७.निर्णय गर्ने प्रक्रिया र अधिकारी

क.निर्णय गर्ने प्रक्रिया

जग्गा नापजाँच ऐन ,२०१९ ,जग्गा नापजाँच नियमावली ,२०५८ ,जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अध्यावधिक सम्वन्धी निर्देशिका,२०७३ लगायत अन्य प्रचलित कानून ,नियम, निर्देशिका बमोजिम ।

ख. निर्णय गर्ने अधिकारी

- नापी अधिकृत
- सर्भेक्षकः- नापी अधिकृत बाट अधिकार प्रत्यायोजित भए बमोजिम ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- नापी अधिकृत
- नापी अधिकृतबाट तोकिए बमोजिमको अधिकारी

९. सम्पादन गरेको कामको विवरण

बैशाख १ गते देखि असार सम्ममा यस कार्यालयबाट सम्पादन भएको कामको विवरण देहाय बमोजिम रहेको छ ।

क. कित्ताकाट

मालपोत कार्यालयबाट प्राप्त राजिनामा ,अंशवण्डा लगायतका लिखत तथा अदालतको आदेश समेतका लिखत संख्या ७१९ (आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा लिखत संख्या १५८६)

ख.हालसाविक

नभएको ।

ग .नक्सा प्रिन्ट

बिभिन्न बैंक तथा वित्तीय संस्था,अदालत लगायत अन्य निकायको पत्र तथा व्यक्तिबिशेषको माग बमोजिम A3 , A4 गरी जम्मा ३५७६ प्रति नक्सा प्रिन्ट उपलब्ध गराईएको ।(आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा नक्सा प्रिन्ट १२४४५)

घ. फिल्ड रेखांकन

फिल्ड रेखांकनको १४३।(आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा फिल्ड रेखांकन संख्या ४१७)

ङ. फिल्ड बुक उतार

मालपोत कार्यालय ,अदालत लगायत अन्य निकायको पत्र तथा व्यक्ति विशेषको निवेदन संख्या २५२ वटा फिल्ड बुक उतार उपलब्ध गराईएको ।(आ.व.२०८२/८३ को साउन देखि असार सम्मको जम्मा फिल्ड बुक उतार १४६६)

च. प्लट रजिष्टर उत्तर

मालपोत कार्यालय ,अदालत लगायत अन्य निकायको पत्र तथा व्यक्ति विशेषको निवेदन संख्या १७५ वटा प्लट रजिष्टर उतार उपलब्ध गराईएको ।(आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा प्लटरजिष्टर उतार ३५८)

च. ट्रायल चेक

मालपोत कार्यालय चन्द्रौटा बाट प्राप्त टायल चेकको पत्रानुसार ११ टायल चेक भएको । (आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा ट्रायल चेक संख्या ३९)

छ .कित्ता एकिकरण

कित्ता एकीकरण ६५ वटा भएको ।(आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा कित्ता एकिकरण संख्या १३९)

१०.कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

क. कार्यालय प्रमुख

नाम :- श्री गोविन्द राज जोशी

पद :- नापी अधिकृत

सम्पर्क नं.:-०७६-५४००१९ ,९८५७०५१५२०

ख.सूचना अधिकारी

नाम :- सन्दिप सापकोटा

पद : सर्भेक्षक

सम्पर्क नं.:- ९८५७०५६५२०

११. ऐन ,नियम ,निर्देशिकाहरुको सुची

देहाय बमोजिमको कानून,नियम ,निर्देशिका बमोजिम यस कार्यालयबाट सेवा प्रवाह हुने गरेको छ ।

- जग्गा नापजाँच ऐन ,२०१९
- जग्गा नापजाँच निमावली ,२०५८
- जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अध्याधिक सम्बन्धी निर्देशिका,२०७३
- मालपोत ऐन ,२०३४
- भूमि व्यवस्था ,सहकारी तथा गरिवी निवारण मन्त्रालय ,विभागले समय समयमा जारी गरेको परिपत्र

१२.आम्दानी ,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

यस अवधीमा नक्सा प्रिन्ट ,फिल्ड बुक, जग्गा रेखाङ्कन/कित्ता एकिकृत लगायतबाट रु.११०५१९५|- राजश्व आम्दानी भएको देखिन्छ | (आ.व.२०८२/८३ को साउन देखि असार मसान्त सम्मको जम्मा राजश्व रु.३१६९२१०।-)

१३.सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण

यस त्रैमासिकमा सुचनाको लिखितरुपमा कोही पनि सूचना माग नगरेको मौखिकरुपमा ,फोन मार्फत सूचना माग गरेको पाईन्छ ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्बजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण

नभएको

१५.सार्बजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ,अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

कुनै पनि किसिमको सहायता अनुदान प्राप्त नभएको ।

१६.सार्बजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- ईमेल chandrautaa@dos.gov.np
- फेसबुक पेज नापी कार्यालय चन्द्रौटा
- फोन नं. ०७६-५४००१९

सन्दिप सापकोटा

(सूचना अधिकारी)